# दृष्टिविहीन विद्यार्थीको कक्षा व्यवस्थापन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा

व्यवस्थापन अन्तरगत स्नातकोत्तर तह एम.एड दोस्रो वर्षको

आंशिक आवश्यकता परिपूर्तिका लागि प्रस्तुत

## शोधपत्र


प्रस्तुतकर्ता

माधवप्रसाद भट्टराई

परीक्षा रोल नं. २१४०११४/२०६६

त्रि.वि. दर्ता नं. २७३४९-९४

शैक्षिक सत्र : २०६४/२०६५

सुकुना बहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

इन्द्रपुर, मोरङ


२०७१

दृष्टिविहीन विद्यार्थीको कक्षा व्यवस्थापन- माधवप्रसाद भट्टराई

# विषय : सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय सुकुना वहुमुखी क्याम्पस, इन्द्रपुर मोरङ, शैक्षिक योजना तथा व्यवस्थापन विषय लिई शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तहमा अध्ययनरत छात्र माधव प्रसाद भट्टराईले एम.एड्. द्वितीय वर्षको आंशिक आवश्यकता पूरा गर्नका लागि तयार गर्नु भएको **दृष्टिविहिन विद्यार्थीको कक्षा व्यवस्थापन** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार गर्नु भएको हो । दिइएको निर्देशन र सुझावअनुसार यो शोधपत्र तयार गर्नु भएकोले मूल्याङ्कनका लागि मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

शोधनिर्देशक

गणेशप्रसाद दहाल

....................

मिति : २०७१/

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय सुकुना वहुमुखी क्याम्पस, इन्द्रपुर मोरङ, शैक्षिक योजना तथा व्यवस्थापन विषय लिई शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तहमा अध्ययनरत छात्र माधवप्रसाद भट्टराईले एम.एड्. द्वितीय वर्षको आंशिक आवश्यकता पूरा गर्नका लागि तयार गर्नु भएको **दृष्टिविहिन विद्यार्थीको कक्षा व्यवस्थापन** शीर्षकको शोधपत्र मूल्याङ्कन गरी मूल्याङ्न समितिबाट स्वीकृत गरिएको छ ।

मूल्याङ्कन समिति

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | लक्ष्मीकुमार श्रेष्ठ | विभागीय प्रमुख | |
| ...................... | | | |
| २. | गणेशप्रसाद दहाल | शोध निर्देशक | |
| ...................... | | | |
| ३. | | बाह्य परीक्षक | |
| ...................... | | | |

मिति : २०७१/ /

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय शैक्षिक योजना तथा व्यवस्थापन विभाग एम.एड. दोस्रो वर्षको आंशिक आवश्यकता पुरा गर्न शैक्षिक अनुसन्धान सम्बन्धी प्रयोगात्मक ज्ञान र सीप प्राप्त गर्ने अवसर प्रदान गर्ने सुकुना बहुमुखी क्याम्पस, शैक्षिक योजना तथा व्यवस्थापन विभागप्रति कृतज्ञता व्यक्त गर्दछु ।

शोधकार्यको प्रारम्भदेखि प्रस्तावना कार्यलाई स्वीकृति प्रदान गरी अनुसन्धानको मार्ग प्रसस्त गरिदिनुहुने विभागीय प्रमुख तथा क्याम्पस सहयाक श्री लक्ष्मीकुमार श्रेष्ठ ज्यूलाई धन्यवाद दिन चाहन्छु । त्यसैगरी शोध लेखन कार्यको प्रारम्भिक चरणदेखि नै निरन्तर, सल्लाह, सुझाव साथै पाण्डुलीपि अध्ययन गरी आवश्यक परिमार्जनमा मार्ग निर्देशन गर्नुहुने शोधनिर्देशक श्री गणेशप्रसाद दहाल ज्यू प्रति विशेष आभार प्रकट गर्दछु । आफ्नो अमूल्य समयको बाबजुद यो अनुसन्धान कार्यमा आवश्यक सुझाव र सल्लाह प्रदान गर्ने सहायक क्याम्पस प्रमुख श्री प्रेमप्रसाद भट्टराई ज्यू र श्री उमानाथ भट्टराई ज्यूहरू लगायत सम्पूर्ण प्राध्यापक ज्यूहरू प्रति पनि आभार प्रकट गर्दछु ।

अनुसन्धानलाई आवश्यक पर्ने सूचना उपलब्ध गराई सहयोग गर्नु हुने नमूना छनौटका विद्यालयका प्र.अ., शिक्षक, पदाधिकारी, विद्यार्थी र अभिभावक पनि धन्यवाद दिन चाहान्छु । यसैगरी अध्ययनका क्रममा दृष्टिविहिन सम्बन्धि सामग्रीहरू उपलब्ध गराई दिनु हुने मोरङ नेत्रहीन संघ बेलबारीका श्री सावित्रा कोइराला ज्यूलाई पनि धन्यवाद ज्ञापन गर्दछ र अध्ययन कार्यलाई निरन्तरता प्रदान गर्न घरायसी वातावरणको व्यवस्थापन गरिदिने मेरी जीवन संगिनी टिंकु भट्टराई र छोरा शीतल भट्टराई साथै शिक्षक कुमार आचार्य र लोकेश खड्का र सार्थीहरू किरण काफ्ले, लुना काफ्ले र भाइ चेतन भट्टराईप्रति पनि धन्यवाद दिदै अन्त्यमा यस शोधपत्रलाई कम्प्युटर टाइप गरी विशेष सहयोग पुऱ्याउने मोर्डन डिजिटल फोटो स्टुडियो तथा कम्युनिकेशन सेन्टर, सुकुना मोरङका प्रोपोराइटर धर्मेन्द्र दुलाललाई पनि धन्यवाद दिन चाहान्छु ।

मिति २०७१ भाद्र

माधवप्रसाद भट्टराई

# शोधसार

दृष्टि विहिन विद्यार्थीहरूको कक्षा व्यवस्थापन शीर्षकमा अध्ययन गरिएको यस अनुसन्धानात्मक कार्यको मुख्य उद्देश्य दृष्टि विहिन विद्यार्थीहरूको कक्षा व्यवस्थापनको वर्तमान अवस्थाको पहिचान गरी, भोग्नु परेको समस्याहरू पत्तलगाई त्यसका समाधानका उपायहरूको विश्लेषण गर्नु रहेको छ ।

यस अनुसन्धानात्मक कार्यलाई गुणात्मक तथा परिमाणात्मक दुवै ढाँचामा भएकाले मिश्रित ढाँचाको प्रयोग गरिएको छ । यस अध्ययनको जनसंख्याको रूपमा इलाम जिल्लामा हाल दृष्टिविहीन शिक्षा कार्यक्रम संचालित भइरहेको एक विद्यालय र विद्यालयका प्र.अ. शिक्षकहरू, दृष्टिविहीन विद्यार्थीहरू, वि.व्य.स. अध्यक्ष तथा पदाधिकारी र अभिभावक यस अध्ययनका जनसंख्याको रूपमा रहेका छन् । यस अध्ययनको लागि इलाम जिल्ला अन्तर्गतका आदर्श स्रोतकेन्द्र भित्र पर्ने श्री बालमन्दिर प्रा.वि. का प्र.अ. १ जना, शिक्षक १ जना, दृष्टिविहीन विद्यार्थीहरू ६ जना र अभिभावक २ जना गरी १० जना नमुनाको रुपमा छनौट गरिएको छ ।

विद्यालयका सबै कक्षाहरूमा दृष्टिविहीन विद्यार्थीहरूलाई कक्षाको अग्र भागमा अन्य विद्यार्थी सँगै मिलाएर राखिएको पाइयो । कक्षाकोठाका डेक्स बेन्च, झ्यालढोका र प्रकाशको व्यवस्था दृष्टिविहीन विद्यार्थीहरूको अनुकुल नै भएको पाइयो । दृष्टिविहीन विद्यार्थीहरूका लागि ब्रेललिपिका पुस्तक , स्टाइलस जस्ता नभइनहुने कुराहरू पाइएतापनि सबै किसिमका विद्यार्थीहरूका लागि एकै किसिमका शिक्षणविधिको प्रयोग भएको साथै आधुनिक र प्रविधियुक्त शैक्षिक सामग्रीको प्रयोग भएको छैन । दृष्टिविहीन विद्यार्थीहरूको कक्षा व्यवस्थापनलाई हेर्दा इलाम नगरपालिकाको मध्य भागमा रहेको यस श्री बालमन्दिर प्रा.वि. इलाममा कक्षा १ देखि कक्षा ५ सम्मका जम्मा ६५ विद्यार्थीहरू मध्ये ६ जना दृष्टिविहीन विद्यार्थीहरू पाइयो । जसमा ३ जना छात्रा र ३ जना छात्रहरू रहेका छन् ,त्यस मध्येमा २ जना छात्रा र २ छात्र पूर्ण दृष्टिविहीन छन् भने १ जना छात्रा र १ छात्र न्युन दृष्टिविहीन विद्यार्थीहरू रहेको पाइयो । यहाँका ६ जना दृष्टिविहीन विद्यार्थीहरू मध्ये ५जना जनजाति विद्यार्थी छन् । श्री बालमन्दिर प्रा.वि. मा दृष्टिविहीन विद्यार्थीहरूको लागि फर्निचरका सामग्रीहरू सहजजनक भएपनि शैक्षिक सामग्रीको भने अभाव नै रहेको छ । नेपालमा हाल लागू भइरहेको पाठ्यक्रम परिमार्जन गरी व्यवहारिक र जीवनोपयोगी विषयवस्तुहरू मात्र समावेश भएको छुट्टै पाठ्यक्रम र पाठ्यपुस्तक दृष्टिविहीन विद्यार्थीहरूका लागि निर्माण गरी दक्ष र व्यवसायिक जनशक्ति उत्पादनमा जोड दिनुपर्ने, परीक्षा प्रणालीलाई दृष्टिविहीन मैत्री बनाउने, पर्याप्त शिक्षक तालिमको व्यवस्था गरी विशेष तालिमप्राप्त शिक्षकको व्यवस्था गर्नुपर्ने ,

विद्यार्थीहरूमा उत्प्रेरणा र हौसला प्रदान गरी सिकाइमा उनीहरूलाई सकृय सहभागी गराउनुपर्ने , विद्यालयमा दृष्टिविहीन  विद्यार्थीहरूका लागि अत्यावश्यक भौतिक पूर्वाधारहरूको विकास गर्ने जस्ता कुराहरू गर्न सकिएको खण्डमा दृष्टिविहीन  विद्यार्थीहरूको सिकाइ र  कक्षा व्यवस्थापनमा देखिएका समस्याहरूलाई न्युनीकरण गर्न सकिने निष्कर्ष यस अध्ययनको रहेको छ ।

अध्ययनको क्रममा केही समस्याहरू नीतिगतमा पनि भएको देखिन्छ यो समस्यालाई समाधान गर्न दृष्टिविहीन  विद्यार्थीहरूको कक्षा व्यवस्थापनमा देखिएका समस्याहरूलाई समाधान गरी उनीहरूको अध्ययन प्रकृयालाई सरल, सहज र सर्वसुलभ बनाउनका लागि सम्बन्धित सम्पूर्ण सरोकारवाला पक्षहरूलाई  निम्नानुसारका सुझावहरू प्रस्तुत गरिएको छ । वर्तमान अवस्थामा लागू भइरहेको पाठ्यक्रमलाई दृष्टिविहीनहरूका लागि अनुकुल र उपयोगी हुनेगरी परिमार्जन गर्नुपर्ने, दृष्टि विहीन  विद्यार्थीको लागि विद्यालयमा भौतिक व्यवस्थालाई सुव्यवस्थित बनाई कक्षालाई बालमत्री बनाउनु आवश्यक रहेको देखिन्छ । शिक्षण गर्दा शैक्षिक सामग्रीको प्रय ोग गरी वालकेन्द्रित शिक्षण गर्नु पर्ने देखिन्छ । बालबालिकाहरूलाई नियमित बनाउन शिक्षक, अभिभावक र विद्यार्थीहरू बसी योजना बनाउनु आवश्यक देखिन्छ । दृष्टिविहीन  मैत्री कक्षा व्यवस्थापन ,वातावरण र पठन पाठन गरिनुपर्ने, समग्र विद्यालयमा बालमैत्री वातावरण सिर्जना गरिनुपर्ने, यसैगरी विद्यालयका शिक्षकहरूलाई सीप विकास तालिम दिनुपर्ने सुझाव समेत प्रस्तुत गरिएको छ ।

# विषयसूची

पृष्ठ सङ्ख्या

सिफारिस पत्र क

स्वीकृति पत्र ख

कृतज्ञताज्ञापन ग

शोधसार घ

तालिकासूची ज

सङ्क्षिप्त शब्दको पूरा रूप झ

परिच्छेद एक : परिचय

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन १०

१.३ अध्ययनको औचित्य ११

१.४ अध्ययनको उद्देश्य ११

१.५ अनुसन्धानात्मक प्रश्नहरू १२

१.६ अध्ययनको परिसीमा १२

परिच्छेद दुई :सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन १३

२.२ सैद्धान्तिक खाका १५

२.३ पुनरावलोकनको शैक्षिक उपादेयता १७

परिच्छेद तीन : अध्ययन विधि

३.१. अध्ययनको ढाँचा १९

३.२ जनसङ्ख्या र नमूनाको आकार १९

३.२.१ नमुना छनोटका आधार १९

३.२.२ नमुना छनोट विधि २०

३.३ अनुसन्धानका साधनहरू २०

३.४ तथ्याङ्क सङ्कलनका स्रोतहरू २१

३.५ तथ्याङ्क सङ्कलन विधि २२

३.६ तथ्याङ्क विश्लेषण विधि २२

## परिच्छेद चार : नतिजा र छलफल

४.१ दृष्टिविहीन विद्यार्थीहरूको कक्षा व्यवस्थापनको वर्तमान अवस्था २३

४.१.१ कक्षागत दृष्टिविहीन विद्यार्थी सङ्ख्या विवरण २४

४.१.२ कक्षाकोठाको क्षेत्रफल २४

४.१.३ कक्षाकोठामा प्रकाशको अवस्था २५

४.१.४ झ्याल, ढोकाको अवस्था २६

४.१.५ कक्षाकोठाको सरसफाइ २६

४.१.६ फर्निचरको अवस्था २७

४.१.७ बसाई व्यवस्थापन २८

४.१.८ शिक्षण विधि र शैक्षिक सामग्री २८

४.१.९ पुस्तकालय र पाठ्यपुस्तकको उपलब्धता २९

४.१.१० आवासको अवस्था २९

४.२ दृष्टिविहीन विद्यार्थीहरू तथा शिक्षकले पठनपाठनमा भोगेका समस्याहरू ३०

४.३ दृष्टिविहीन विद्यार्थीहरूले भोगेका समस्याको निराकरणका उपायहरू ३२

## परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरू

५.१ प्राप्ति ३५

४.२ निष्कर्ष ३७

५.३ सुझावहरू ३७

५.३.१ नीतिगत तह ३८

५.३.२ अभ्यास तह ३८

५.३.३ अनुसन्धान तह ३९

सन्दर्भसूची

अनुसूची

# तालिकासूची


| | |
|---|---|
| | पृष्ठ सङ्ख्या |
| तालिका १ : कक्षागत दृष्टिविहीन विद्यार्थी संख्या विवरण | २४ |
| तालिका २ : कक्षाकोठाको क्षेत्रफल | २५ |
| तालिका ३ : कक्षाकोठामा प्रकाशको अवस्था | २५ |
| तालिका ४ : झ्याल, ढोकाको अवस्था | २६ |
| तालिका ५ : कक्षाकोठाको सरसफाइ | २७ |
| तालिका ६ : फर्निचरको अवस्था | २७ |

# सङ्क्षिप्त शब्दको पूरा रूप

| | |
|---|---|
| प्र.अ. | प्रधानाध्यापक |
| मा.वि. | माध्यमिक विद्यालय |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| वि.व्य.स. | विद्यालय व्यवस्थापन समिति |
| गा.वि.स. | गाउँ विकास समिति |
| इ.न.पा. | इलाम नगरपालिका |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |